# कााँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक








❐ वर्ष : २६ ❐ अंक : १० ❐ आइतवार, ११ असोज, २०८३ ❐ Sunday, 27 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०


# सानो बारी, ठूलो भर

*थोरै जग्गामा मौसमी तरकारी खेती गर्दै दैलेखको भैरवी-३ का किसानले घरखर्च, छोराछोरीको पढाइदेखि ऋण तिर्नेसम्मको जिम्मेवारी धानिरहेका छन् ।*

❐ **कााँक्रेविहार संवाददाता**
सुर्खेत, १० असोज

दैलेखको भैरवी गाउँपालिका-३ पोखाँकी तारा थापाको घर मध्यपहाडी लोकमार्गको छेउमा थियो । लोकमार्गको मापदण्डअनुसार उनको घरले सडकको करिब आधा भाग ओगटेको थियो । लोकमार्ग विस्तार गर्ने क्रममा २०७५ सालतिर उनको घर भत्काउनुपर्ने भयो । तर, उनले त्यसबापत क्षतिपूर्ति भने पाइनन् ।

नयाँ घर बनाउन २० लाख रुपैयाँभन्दा बढी खर्च भयो । ऋण लिएर घर बनाइन् । अहिले पनि उनी विस्तारै त्यही ऋण तिरिरहेकी छन् । घर बनाउँदा लिएको ऋण तिर्ने उनको एउटा मात्र स्रोत हो- तरकारी खेती ।

ताराले तरकारी खेती गर्न थालेको १४ वर्ष भयो । तरकारी खेतीबाट उनले घर बनाउँदा लागेको ऋण मात्र तिरिरहेकी छैनन्, परिवारको दैनिक खर्च र छोराछोरीको पढाइ खर्च पनि धानेकी छन् । स्थानीय सहकारीमा थोरै भए पनि बचत गरेकी छन् ।

“पैसा देख्ने भनेकै मैले तरकारी फलेका बेला हो, यही तरकारी खेतीले घर बनाउने आँट गरैं । सात जना छोराछोरी हुर्काएँ,” उनी भन्छिन्, “जग्गा धेरै नभएपछि दुई वटा गह्रामा तरकारी लगाउँछु । त्यसबाट वर्षमा डेढ लाख रुपैयाँभन्दा बढी कमाइ भएकै छ ।”

**बजारको जिम्मा सहकारीलाई**

स्थानीय चगत्रा कृषि तथा पशुपालन सहकारी संस्थाका अध्यक्ष अधिकारीका अनुसार वडाका बाँकी पृष्ठ २



## घरमै बसेर आम्दानी

पोखाँ गाउँकै आशाराम थापालाई हालसम्म आर्थिक जोहो गर्न गाउँभन्दा बाहिर रोजगारीका लागि जानुपरेको छैन । ६ जनाको परिवारको सम्पूर्ण खर्च तरकारी खेतीबाटै चलेको छ । छोराछोरीको पढाइ र घरका अतिरिक्त खर्च पनि उनले यही आम्दानीबाट धानेका छन् । सिजनअनुसार आफ्नै बारीमा टमाटर, काउली, बन्दा र आलु फलाउँछन् । बजारको पनि कमी छैन । उत्पादन राम्रो भए बजारको झन्झट मान्नुपर्दैन । “२० वर्षभन्दा बढी भयो यही तरकारी खेती गर्न थालेको । सुरु-सुरुमा डोकोमा बोकेर बजार पुऱ्याउनुपरे पनि अहिले सडक सहज भएकाले बारीबाटै बिक्री भइहाल्छ,” थापा भन्छन्, “यही तरकारी खेतीले घरमै बसेर परिवारसँग समय बिताउन पाइएको छ । अहिलेसम्म काम गर्न म भारत जानुपरेको पनि छैन ।”

भैरवी गाउँपालिका-३ को पोखाँ र चगत्रा गाउँमा त्यस्ता ९० घरपरिवार छन्, जो परम्परागत अन्न उत्पादनसँगै व्यावसायिक तरकारी खेतीमा रमाएका छन् । बर्खे सिजनमा मकै र धान उत्पादन गर्ने कृषकले हिउँदमा आलु, काउली र बन्दा उत्पादन गर्छन् । बर्खामा पनि टनेलभित्र टमाटर उत्पादन हुन्छ । बजारको मूल्य हेरेर कृषकले आफूले उत्पादन गरेको तरकारी लागतभन्दा केही नाफा राखेर बिक्री गर्छन् ।

भैरवी गाउँपालिका-३ को चगत्रा कृषि तथा पशुपालन सहकारी संस्थाका अनुसार हाल उक्त वडाका ३५० घरपरिवार सहकारीका कृषक सदस्य छन् । तीमध्ये ९० जनाले व्यावसायिक रूपमा कृषि गरिरहेको सहकारीका अध्यक्ष मोतिराम अधिकारीले बताए ।

सहकारीले विशेषगरी स्थानीय महिलालाई व्यावसायिक कृषि उत्पादनमा अब्बल बनाउन सहजीकरण गरिरहेको उनले बताए । “महिला दिदीबहिनीलाई व्यावसायिक खेतीमा संलग्न गराएर आत्मनिर्भर बनाउने हाम्रो उद्देश्य हो,” अधिकारी भन्छन् । सहकारीका अध्यक्ष अधिकारी आफैं पनि व्यावसायिक खेती गरिरहेका कृषक हुन् । सुरुदेखि नै कृषि पेसा अँगालेका उनी अहिले पनि यही काममा छन् । कृषि पेसाबाट आफूले प्राप्त गरेको सफलताप्रति उनी सन्तुष्ट सुनिन्छन् । “तरकारी खेती गरेर छोरालाई कृषि प्राविधिक पढाएँ, गाउँकै बजारमा तीन तलाको पक्की घर पनि बनाएँ,” उनी भन्छन्,“अहिले पनि यही पेसा निरन्तर गरिरहेको छु । आर्थिक उपार्जनसँगै घरमा पनि कृषि उपज किन्नु नपर्ने अवस्था बनेको छ ।”

## तरकारीबाटै परिवारको खर्च



तरकारी खेतीबाटै परिवारको सम्पूर्ण खर्च धानेको भैरवी-३ कै अर्को परिवार हो- पूजा थापाको । सात वर्षदेखि व्यावसायिक रूपमा तरकारी खेती गरिरहेको पूजाको परिवारका पनि कुनै सदस्य आर्थिक जोहो गर्न रोजगारीका लागि बाहिर जानुपरेको छैन । तीन जना छोराछोरीसहित पाँच जनाको परिवारको सबै खर्च तरकारी उत्पादनबाटै चलाएको पूजाले बताइन् । “परिवारमा तरकारी र अन्नपात किनेर खानुपरेको छैन । तीन जना छोराछोरीको पढाइ खर्चदेखि परिवारको आवश्यक खर्च पनि यही तरकारी खेतीबाट चलेको छ,” उनले भनिन्, “बिरामी पर्दा उपचार गर्ने पैसा पनि भएको छ, गाउँकै सहकारीमा थोरै भए पनि बचत भएको छ ।”

स्थानीय हरिबहादुर थापाले पनि व्यावसायिक खेती गर्ने योजना बनाएका छन् । यसै वर्षदेखि उनले व्यावसायिक रूपमा तरकारी खेती गर्ने तयारी सुरु गरिसकेका छन् । “अहिलेसम्म घरमै खानका लागि सामान्य खेती गरेका थियौं । गाउँमा सबैले व्यावसायिक खेती गरिरहेकोले मैले पनि तयारी गरेको छु,” उनी भन्छन् ।

# हावाहुरीसहित अति भारी वर्षाको सम्भावना

❐ **कााँक्रेविहार संवाददाता**
काठमाडौं, १० असोज

नेपाल मौसम विज्ञान विभाग अन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले शनिबार राति देशका विभिन्न भूभागमा हावाहुरीसहित भारीदेखि अति भारीसम्म वर्षा हुने पूर्वानुमान गरेको छ ।

महाशाखाका अनुसार शनिवार राति गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना छ । मधेस र प्रदेशको एक, दुई स्थानमा भारी वर्षाको सम्भावना छ ।

गण्डकी र लुम्बिनी प्रदेशको एक, दुई स्थानमा अति भारी वर्षाको सम्भावना तथा मधेस, बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशको तराई भूभागका साथै गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी भूभागका केही स्थानमा हावाहुरीको समेत सम्भावना छ ।

हाल मनसुनको न्यून चापीय रेखा पश्चिमतर्फ सरदर स्थानको आसपास तथा पूर्वतर्फ सरदर स्थानको दक्षिणमा रहेको छ । देशभर मनसुनी वायु, पश्चिमी वायुको साथै भारतको उत्तर प्रदेश आसपास रहेको न्यूनचापीय क्षेत्रको समेत प्रभाव रहेको महाशाखाले जनाएको छ ।

हाल देशभर अधिकांश भूभागमा बादल लागेको छ । गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशको धेरै स्थानमा, बागमती र कर्णाली प्रदेशको केही स्थानका साथै कोशी र मधेस प्रदेशको थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ ।

# बाढीमा हराएकाहरू भेटिएनन्, घामपानीले खुइलिए भित्ताका फोटो



❐ **कााँक्रेविहार संवाददाता**
काठमाडौं, १० असोज

रसुवाको भोटेकोशीमा विनाशकारी बाढी आएको एक महिना पूरा हुँदा पनि बेपत्ताको खोजी र पहिचानको पीडा उस्तै छ । बाढीमा बेपत्ता भएका अनुमानित ५ हजार २८५ जनाको अवस्था अझै अज्ञात छ । बेपत्ताको खोजी तथा पहिचानमा सहज होस् भनेर परिवार र आफन्तले काठमाडौंको महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पताल र राष्ट्रिय ट्रमा सेन्टरका भित्तामा उनीहरूका तस्बिरसहितका सूचना टाँसेकाथिए । तर, एक महिनासम्म पनि हराएकाहरूको अत्तोपत्तो नहुँदा ती तस्बिर भने घामपानीका कारण उप्किन, खुइलिन र च्यातिन थालेका छन् ।

घटनालगत्तै आफन्त भेटिने आशामा बाँकी पृष्ठ २

# कर्णाली राजमार्गका दर्जनौं ठाउँमा पहिरो

❐ **कााँक्रेविहार संवाददाता**
कालीकोट, १० असोज

बिहीबारदेखि भएको लगातारको वर्षासँगै आएको बाढी, पहिरो र सडक भासिँदा सुर्खेतदेखि जुम्लासम्मको कर्णाली राजमार्गको दर्जनौं ठाउँ अवरुद्ध भएको छ ।

राजमार्गका विभिन्न खण्डमा पहिरो खस्नुका साथै सडकमा लेदो र ढुङ्गामाटो थुप्रिँदा सडक अवरुद्ध भएको हो । सडक अवरुद्ध भएपछि कर्णाली राजमार्ग यातायात समितिले शुक्रबार सूचना प्रकाशित गरी यातायात बन्द भएको जनाएका छन् ।

सुर्खेत-दैलेख हुँदै कालीकोट र जुम्ला जोड्ने मुख्य सडक नै ठाउँ ठाउँमा अवरुद्ध भएपछि सयौं यात्रु तथा मालवाहक सवारीसाधन बिचबाटोमै रोकिएकाले थप सवारीसाधन नचलाउने



जनाएको छ । कालीकोट खण्डमा गगनेखोला, पिली, रातोपहाडलगायतका स्थानमा पहिरो तथा सडक भासिने समस्या देखिएको छ । वर्षाका कारण नयाँ नयाँ स्थानमा पहिरो खस्ने क्रम जारी रहेकाले एउटा स्थानको अवरोध हटाएलगत्तै अर्को स्थानमा सडक बन्द हुने अवस्था रहेको यातायात व्यवसायीको भनाइ छ ।

राजमार्ग अवरुद्ध हुँदा कालीकोट, जुम्ला, मुगुलगायत हिमाली जिल्लातर्फ जाने यात्रु र दैनिक उपभोग्य सामग्री बोकेका मालवाहक सवारी साधन बढी प्रभावित भएका छन् । लामो समयसम्म सडकमा सवारीसाधन रोकिँदा यात्रुले खाना, पानी र बासको समेत समस्या झेल्नु परेको छ । जुम्ला जाँदै गर्नुभएका विनोद बुढाले आफूहरू दैलेखको पादुकामा अलपत्र परेको बताए ।

वर्षाका कारण सडकमा थुप्रिएको माटो, ढुङ्गा तथा पहिरो हटाउन सडक डिभिजन र सम्बन्धित निकायको मेसिन परिचालन गरिए पनि दर्जनौं ठाउँमा एकै पटक अवरोध भएपछि तत्कालै सबै सडक खुलाउन चुनौती भएको छ । कतिपय स्थानमा पहिरो हटाउने क्रममा माथिबाट पुनः ढुङ्गा, माटो खस्ने जोखिमसमेत रहेकाले अहिले सबैतिर बन्द गरिएको र वर्षाको यकिन नगरी पहिरो हटाउने काम पनि प्रभावकारी नहुने प्रहरीले जनाएको छ । राजमार्गका विभिन्न स्थानमा सडकको अवस्था यकिन गरेर मात्र यात्रा गर्न र अवरुद्ध क्षेत्रमा नपुग्दै सम्बन्धित निकायबाट सडकको अवस्थाबारे जानकारी लिन यात्रुलाई आग्रह गरिएको छ

# कांग्रेसको १५औं महाधिवेशनमा लामिछाने, ओली र प्रचण्डलाई निम्ता



❐ **कााँक्रेविहार संवाददाता**
काठमाडौं, १० असोज

नेपाली कांग्रेसको १५औं महाधिवेशनको तयारी तीव्र रूपमा अघि बढिरहेका बेला शीर्ष राजनीतिक दलका नेताहरूलाई उद्घाटन समारोहको औपचारिक निमन्त्रणा दिन थालिएको छ ।

कांग्रेस नेता उदयशमशेर राणाले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने, नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ सँग छुट्टाछुट्टै भेट गरी आतिथि बन्नका लागि औपचारिक निमन्त्रणा पत्र हस्तान्तरण गरेका हुन् ।

यसपटक नेपाली कांग्रेसको १५औं महाधिवेशनको उद्घाटन समारोह आगामी असोज १६ गते काठमाडौंस्थित खुलामञ्चमा भव्य रूपमा आयोजना हुँदैछ । उक्त समारोहमा सहभागिताका लागि राजनीतिक दलका प्रतिनिधि, कांग्रेसका नेता तथा कार्यकर्ता, पार्टीका शुभेच्छुक र आम नागरिकलाई आमन्त्रण गरिएको छ ।

## सम्पादकीय

# जलवायु परिवर्तनको भार नेपालले मात्र किन बोक्ने ?

नेपालका लागि जलवायु परिवर्तन अब भविष्यको सम्भावित संकट मात्र रहेन, वर्तमानमै भोगिरहेको वास्तविकता बनिसकेको छ । हिमालदेखि नदी, बस्ती, कृषि र पूर्वाधारसम्म जलवायु परिवर्तनका असर देखिन थालेका छन् । पछिल्ला विपद्का घटनाले यसको मानवीय र आर्थिक मूल्य झनै स्पष्ट बनाएका छन् । यस्तो अवस्थामा नेपालले अन्तर्राष्ट्रिय मञ्चमा जलवायु संकट र जलवायु न्यायको विषय उठाउनु स्वाभाविक मात्र होइन, आवश्यक पनि हो । संयुक्त राष्ट्रसंघको महासभामा प्रधानमन्त्री बालेन्द्र शाहले नेपालले जलवायु संकट सिर्जना गर्न नगन्य योगदान गरे पनि त्यसको ठूलो मूल्य चुकाइरहेको विषय उठाएका छन् । उनले जलवायु न्याय, हिमालयको जोखिम, पूर्वसूचना प्रणाली, विपद् व्यवस्थापन तथा नेपाल, भारत र चीनबीच हिमालयन जलवायु उत्थानशीलताको संयन्त्र निर्माणको प्रस्तावसमेत अघि सारेका छन् ।

तर अन्तर्राष्ट्रिय मञ्चमा उठाइएका विषयको महत्व भाषण सकिएसँगै समाप्त हुनु हुँदैन । त्यसको वास्तविक परीक्षा देशभित्र सुरु हुन्छ । जलवायु संकटको जोखिममा रहेका समुदायले पूर्वसूचना पाउँछन् कि पाउँदैनन्, विपद्का बेला उद्धार र राहत कति छिटो पुग्छ, जोखिमयुक्त बस्तीको व्यवस्थापन कसरी हुन्छ र सडक, पुल तथा अन्य पूर्वाधार निर्माण गर्दा जलवायु तथा भौगोलिक जोखिमलाई कति गम्भीरतापूर्वक लिइन्छ भन्ने कुराले सरकारको प्रतिबद्धताको वास्तविक अर्थ निर्धारण गर्छ । विशेषगरी कर्णालीका लागि यो प्रश्न अझ महत्वपूर्ण छ । हिमाली भूगोल, नदी प्रणाली, कमजोर पूर्वाधार र दुर्गम बस्तीका कारण यहाँ जलवायु तथा प्राकृतिक विपद्को असर फरक ढंगले देखिन सक्छ । हिमालमा हुने परिवर्तनको असर नदी हुँदै तल्लो तटीय बस्ती र समुदायसम्म पुग्ने भएकाले जलवायु जोखिमलाई हिमालमा मात्र सीमित गरेर हेर्न सकिँदैन । समाचारमा कर्णालीका विज्ञ तथा अभियन्ताहरूले पनि नदी, जैविक विविधता, स्थानीय समुदाय र जीविकोपार्जनलाई जलवायु नीतिसँग जोड्नुपर्ने आवश्यकता औँल्याएका छन् ।

त्यसैले अब नेपालले अन्तर्राष्ट्रिय मञ्चमा उठाउने जलवायु मुद्दासँगै राष्ट्रिय कार्ययोजना पनि स्पष्ट बनाउन आवश्यक छ । जोखिममा रहेका बस्तीको पहिचान, पूर्वसूचना प्रणालीको विस्तार, सुरक्षित विद्यालय तथा स्वास्थ्य संस्था, जलवायु अनुकूल कृषि, उत्थानशील सडक तथा पुल र स्थानीय सरकारको विपद् तयारीलाई प्राथमिकतामा राखिनुपर्छ । अन्तर्राष्ट्रिय सहयोग र स्रोतको मागसँगै प्राप्त स्रोत कहाँ र कसरी प्रयोग गर्ने भन्ने पारदर्शी व्यवस्था पनि उत्तिकै आवश्यक छ । जलवायु न्यायको प्रश्न केवल विकसित देशसँग क्षतिपूर्ति माग्ने विषयमा सीमित हुनु हुँदैन। नेपालभित्र पनि जोखिमको सबैभन्दा बढी भार कसले बोकिरहेको छ भन्ने प्रश्न उठ्नुपर्छ । दुर्गम गाउँमा बस्ने नागरिक, नदी किनारका समुदाय, किसान, महिला, बालबालिका तथा कमजोर पूर्वाधारमा निर्भर जनताको जोखिमलाई नीति निर्माणको केन्द्रमा राख्नुपर्छ । अन्तर्राष्ट्रिय मञ्चमा नेपालको आवाज सुनिनु महत्वपूर्ण छ । तर त्यो आवाजको अर्थ त्यतिबेला मात्र स्थापित हुन्छ, जब त्यसको प्रतिफल जोखिममा रहेका नागरिकको जीवनमा देखिन्छ । त्यसैले अबको प्राथमिकता नयाँ भाषणभन्दा स्पष्ट नीति, पर्याप्त स्रोत, अन्तरसरकारी समन्वय र समयमै कार्यान्वयन हुनुपर्छ । जलवायु संकटसँग जुध्ने नेपालको प्रतिबद्धता महासभाको मञ्चमा मात्र होइन, हिमाल, नदी, गाउँ र नागरिकको दैनिक जीवनमा पनि देखिनुपर्छ ।

## सानो...

कृषकले उत्पादन गरेको तरकारी तथा अन्य मसलाजन्य उत्पादन सहकारीले नै किनिदिने गरेको छ। मूल्य राम्रो पाउँदा केही उत्पादन कृषक आफैँले बेचे पनि धेरैजसो उत्पादन सहकारीले नै खरिद गर्ने गरेको उनले बताए।

सहकारीले दैलेख, सुर्खेतलगायत मुख्य बजार क्षेत्रका कृषि व्यवसायी तथा कृषि बजार व्यवस्थापन समितिसँग खरिद-बिक्री सम्झौता गरेको छ। गाउँका कृषकबाट खरिद गरिएको उत्पादन तिनै सम्झौता गरिएका व्यवसायी तथा बजारमा पठाउने गरिएको उनले बताए।

व्यावसायिक कृषि वा तरकारी खेती गरिरहेका कृषकलाई गैरसरकारी संस्था सेवक नेपालले पनि सहजीकरण गर्दै आएको छ। अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) सँगको सहकार्यमा संस्थाले 'कृषि वस्तु मूल्य शृंखलामा महिलाहरूको आयवृद्धि' परियोजनामार्फत सहजीकरण गरिरहेको छ।बजारमा रहेको दैनिक मूल्यबारे कृषकलाई जानकारी गराउने, उत्पादनपछि बजारीकरणबारे सचेतना दिने तथा कृषकलाई पेशागत स्वास्थ्य सुरक्षासम्बन्धी तालिम दिने गतिविधि संस्थाले सञ्चालन गर्दै आएको छ।

## बाढीमा...

अस्पतालका भित्तामा टाँसिएका ती तस्बिरमध्ये कतिपय अझै त्यहीँ छन्। केही परिवारले भने बेपत्ताको कुशको शव बनाएर अन्त्येष्टिसमेत गरिसकेका छन्। बाढीमा परेका हालसम्म एक हजार ४५३ जनाको शव भेटिएको छ। शव भेटिए पनि कतिपयको पहिचान हुन बाँकी छ। बेपत्ताको पहिचानका लागि हालसम्म दुई हजार ६० जनाको डीएनए नमुना संकलन गरिएको छ। बेपत्ताको खोजी र पहिचानमा परिवारले लामो समयदेखि प्रतीक्षा गरिहेका छन्। अस्पतालका भित्तामा खुइलिँदै र च्यातिँदै गरेका तस्बिरले भने एक महिनापछि पनि उनीहरूको पीडा र अनिश्चितताको अवस्थालाई झल्काइरहेका छन्।

# नेपालमा दण्डहीनता अन्त्य गर्न के गर्नुपर्ला ?



✍ लक्ष्मण लामा

लोकतन्त्र भनेको पाँच वर्षमा एकपटक चुनाव हुनु, सरकार फेरिनु वा नयाँ संविधान बन्नु मात्र होइन । लोकतन्त्रको असली परीक्षा त त्यतिबेला हुन्छ, जब राज्यले कानुन सबै नागरिकका लागि बराबरी रूपमा लागू गर्छ । जो शक्तिशाली छ, उसलाई एउटा कानुन र जो कमजोर छ, उसलाई अर्को कानुन हुने अवस्था आयो भने लोकतन्त्रको आधार नै कमजोर हुन्छ ।

नेपालमा आज देखिएको गम्भीर समस्यामध्ये दण्डहीनता पनि यही कारणले महत्वपूर्ण बनेको छ । अपराध हुन्छ, अनुसन्धान सुरु हुन्छ, राजनीतिक दबाब आउँछ, मुद्दा कमजोर बन्छ र अन्ततः दोषी उम्किन्छ । यस्तो अवस्था बारम्बार दोहोरिँदा नागरिकमा राज्य र न्यायप्रतिको विश्वास कसरी कायम रहला ?

सामान्य अर्थमा दण्डहीनता भनेको अपराध वा गैरकानुनी काम गरे पनि त्यसको जिम्मेवारीबाट उम्किनु हो । तर यसको दायरा त्यतिमै सीमित छैन । अपराधको अनुसन्धान नै नहुनु, अनुसन्धानमा हस्तक्षेप हुनु, प्रमाण कमजोर पारिनु, अभियोजन प्रभावकारी नहुनु, मुद्दा वर्षौंसम्म लम्बिनु वा राजनीतिक पहुँचका कारण कारबाहीबाट बच्नु पनि दण्डहीनताकै रूप हुन् । अझ गम्भीर कुरा के हो भने जब मानिसले ' शक्ति र पहुँच भए कानुनबाट बच्न सकिन्छ' भन्ने विश्वास गर्न थाल्छ, त्यसपछि दण्डहीनता एउटा व्यक्तिको समस्या रहँदैन । त्यो विस्तारै राजनीतिक र सामाजिक संस्कार बन्छ ।

नेपालमा दण्डहीनताको समस्या आज मात्र देखिएको होइन । राजनीतिक संक्रमण, सशस्त्र द्वन्द्वको विरासत, कमजोर संस्थागत क्षमता, राजनीतिक संरक्षण, प्रशासनिक हस्तक्षेप र न्यायिक प्रक्रियामा हुने ढिलाइले यसलाई झन् जटिल बनाएका छन् । द्वन्द्वकालमा भएका गम्भीर मानवअधिकार उल्लंघनदेखि सार्वजनिक पद र राज्यस्रोतको दुरुपयोगसम्मका विषयमा जवाफदेहिताको प्रश्न उठ्दै आएको छ । लोकतन्त्र स्थापना भएको लामो समय भइसक्दा पनि कानुनको शासन व्यवहारमै बलियो बन्न नसक्नु चिन्ताको विषय हो ।

त्यसैले सबैभन्दा पहिले राजनीतिक संरक्षणको संस्कार तोड्नुपर्छ । कुनै नेता, मन्त्री, सांसद, जनप्रतिनिधि वा प्रभावशाली व्यक्तिमाथि आरोप लाग्यो भन्दैमा अनुसन्धान नै रोक्ने, विषयलाई राजनीतिक प्रतिशोध भनेर पन्छाउने वा आफ्ना मान्छेलाई जोगाउने प्रवृत्तिले कानुनको शासनलाई कमजोर बनाउँछ । आरोप लाग्दैमा कोही दोषी हुँदैन, तर आरोप लागेपछि निष्पक्ष अनुसन्धान हुनैपर्छ । अनुसन्धानको आधार व्यक्ति को हो भन्ने होइन, प्रमाण के छ भन्ने हुनुपर्छ । राजनीतिक आस्था, पद र पहुँचका आधारमा अनुसन्धानको मापदण्ड फरक हुनु हुँदैन । दण्डहीनता अन्त्य गर्न प्रहरी अनुसन्धानलाई पनि व्यावसायिक र प्रभावकारी बनाउन आवश्यक छ । अपराध अनुसन्धान गर्ने निकाय नै राजनीतिक दबाबमा पर्‍यो भने निष्पक्ष अनुसन्धानको अपेक्षा गर्नु कठिन हुन्छ । सरुवा-बढुवा, अनुसन्धान र प्रहरीको दैनिक काममा अनावश्यक राजनीतिक हस्तक्षेप कम गर्न संस्थागत सुधार आवश्यक छ । अनुसन्धान अधिकृतलाई आधुनिक प्रविधि, फरेन्सिक सुविधा र डिजिटल प्रमाण विश्लेषणजस्ता आवश्यक साधन उपलब्ध गराउनुपर्छ । अहिले अपराधको प्रकृति पनि बदलिएको छ । साइबर अपराधदेखि आर्थिक अपराधसम्म अनुसन्धान गर्न पुरानै शैली र सीमित क्षमताले मात्र पुग्दैन ।

प्रहरीले अनुसन्धान गर्ने र सरकारी वकिलले अभियोजन गर्ने काम पनि एकअर्कासँग जोडिएका छन् । प्रहरीसँग प्रमाण भएन भने अदालतमा मुद्दा बलियो हुँदैन । अर्कोतर्फ अनुसन्धानबाट प्राप्त प्रमाणलाई कानुनी रूपमा सही ढंगले प्रस्तुत गर्न सकिएन भने पनि समस्या आउँछ । त्यसैले प्रहरी र सरकारी वकिलबीचको समन्वय अझ राम्रो हुनुपर्छ । गम्भीर अपराधका मुद्दामा प्रमाणको मूल्यांकन, अभियोजनको तयारी र अदालतमा प्रभावकारी प्रस्तुति आवश्यक छ । तर यसको अर्थ जसरी पनि दोषी ठहर गराउनु होइन । निर्दोष व्यक्ति अन्यायमा नपरोस् भन्ने कुरा पनि त्यत्तिकै महत्वपूर्ण छ ।

न्यायपालिकाको स्वतन्त्रता र प्रभावकारिता पनि यसैसँग जोडिएको विषय हो । अदालत राजनीतिक वा अन्य कुनै प्रकारको दबाबबाट मुक्त हुनुपर्छ । न्यायाधीश नियुक्ति, न्यायिक प्रशासन, अनुशासन र अन्य प्रक्रियामा पारदर्शिता र योग्यतालाई प्राथमिकता दिनुपर्छ । त्यस्तै, अदालतमा थुप्रिएका मुद्दा घटाउने र फैसला कार्यान्वयन प्रभावकारी बनाउनेतर्फ पनि ध्यान दिनुपर्छ । वर्षौंसम्म एउटा मुद्दा टुंगो नलाग्दा पीडितले न्याय पाएको अनुभूति गर्न सक्दैन । ढिलो भएको न्यायले कहिलेकाहीँ न्यायको अर्थ नै कमजोर बनाइदिन्छ ।

नेपालको दण्डहीनताको बहसमा संक्रमणकालीन न्यायलाई छुटाउन मिल्दैन । सशस्त्र द्वन्द्व सकिएको यति लामो समयपछि पनि द्वन्द्वपीडितले सत्य, न्याय र परिपूरणको प्रश्न उठाइरहनु आफैँमा गम्भीर विषय हो । संक्रमणकालीन न्यायको प्रक्रिया विश्वसनीय र पीडितमैत्री हुनुपर्छ । पीडितको आवाज सुन्ने, सत्य बाहिर ल्याउने, आवश्यक परिपूरण गर्ने र गम्भीर मानवअधिकार उल्लंघनका घटनामा उपयुक्त जवाफदेहिता सुनिश्चित गर्ने काम अघि बढाउनुपर्छ । शान्ति प्रक्रियाको नाममा सबै घटनालाई राजनीतिक सहमतिमै टुंग्याउने प्रयासले पीडितको पीडा मेटिँदैन । विगतका घटनाबाट राज्यले पाठ सिकेन भने भविष्यमा पनि उस्तै समस्या दोहोरिन सक्छ ।

भ्रष्टाचार र दण्डहीनता पनि एकअर्कासँग नजिकबाट जोडिएका विषय हुन् । सार्वजनिक पदमा बसेको व्यक्तिले राज्यको स्रोत दुरुपयोग गर्छ, तर प्रभाव र पहुँचका कारण अनुसन्धान वा कारबाहीबाट बच्न सक्छ भने त्यसले अरूलाई पनि गलत काम गर्न हौसला दिन्छ । त्यसैले भ्रष्टाचार नियन्त्रण गर्ने संस्थालाई पर्याप्त स्रोत, जनशक्ति र संस्थागत स्वतन्त्रता दिनुपर्छ । तर भ्रष्टाचारको अनुसन्धान पनि राजनीतिक प्रतिशोधको हतियार बन्नु हुँदैन । कसैलाई लक्षित गरेर होइन, प्रमाण र कानुनका आधारमा अनुसन्धान हुने व्यवस्था आवश्यक छ ।

दण्डहीनताको समस्या संघीय राजधानी वा ठूला राजनीतिक केन्द्रमा मात्र छैन । स्थानीय तहसम्मै कानुनको शासन बलियो हुनुपर्छ । अहिले नागरिकले राज्यसँग प्रत्यक्ष सम्पर्क गर्ने प्रमुख ठाउँ स्थानीय सरकार हो । त्यहाँ बजेटको दुरुपयोग, सार्वजनिक खरिदमा अनियमितता, पदको दुरुपयोग वा सेवामा पक्षपात भयो भने त्यसको असर सीधै नागरिकले भोग्छन् । त्यसैले स्थानीय तहमा सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सूचना सार्वजनिक गर्ने व्यवस्था र नागरिक निगरानीलाई प्रभावकारी बनाउनुपर्छ । जनप्रतिनिधि जनताबाट निर्वाचित हुनुको अर्थ उनीहरू कानुनभन्दा माथि हुनु होइन ।

यसैगरी, न्यायको केन्द्रमा पीडितलाई राख्नुपर्छ । हाम्रो न्याय प्रणालीमा धेरैपटक अपराध, अभियुक्त र राज्यको प्रक्रियामै बढी ध्यान गएको देखिन्छ । तर पीडितले के भोग्यो ? उसलाई सुरक्षा कसरी दिने ? कानुनी सहयोग कसरी उपलब्ध गराउने ? क्षतिपूर्ति र पुनःस्थापनाको व्यवस्था के गर्ने ? यी प्रश्न पनि उत्तिकै महत्वपूर्ण छन् । विशेष गरी महिला, दलित, बालबालिका, सीमान्तकृत समुदाय र आर्थिक रूपमा कमजोर नागरिकले न्याय पाउन थप कठिनाइ भोग्नुपर्ने अवस्था छ भने कानुनमा भएको समानता व्यवहारमा कहाँ देखिन्छ भन्ने प्रश्न उठ्छ ।

प्रविधिको प्रयोगले पनि दण्डहीनता नियन्त्रणमा केही सहयोग पुऱ्याउन सक्छ । मुद्दाको डिजिटल अभिलेख, अनुसन्धानको प्रगति अनुगमन, अदालतका फैसला सहज रूपमा उपलब्ध गराउने व्यवस्था र भ्रष्टाचारसम्बन्धी उजुरीको डिजिटल ट्र्याकिङले पारदर्शिता बढाउन सक्छ । तर प्रविधि राख्दैमा समस्या समाधान हुँदैन । त्यसलाई चलाउने संस्था इमानदार, जिम्मेवार र उत्तरदायी हुनुपर्छ । अन्ततः कुरा प्रविधिभन्दा बढी इच्छाशक्ति र संस्थागत संस्कारको हो ।

स्वतन्त्र सञ्चारमाध्यम र नागरिक समाजको भूमिका पनि महत्वपूर्ण छ । पत्रकारिता र नागरिक निगरानीले सार्वजनिक पदमा बसेकालाई प्रश्न गर्न सक्छ, लुकेका विषय बाहिर ल्याउन सक्छ र राज्यलाई जवाफदेही बनाउन सक्छ । तर यहाँ एउटा सीमा पनि बुझ्नुपर्छ । सामाजिक सञ्जालमा कसैलाई आरोप लगाउँदैमा ऊ दोषी हुँदैन । मिडिया ट्रायलले न्यायिक प्रक्रियालाई विस्थापित गर्न सक्दैन । सार्वजनिक बहस आवश्यक छ, तर दोषी वा निर्दोष ठहर गर्ने अन्तिम आधार प्रमाण र कानुनी प्रक्रिया नै हुनुपर्छ ।

अन्ततः दण्डहीनताको समस्या कानुनको मात्र होइन, हाम्रो राजनीतिक संस्कारको पनि समस्या हो । 'आफ्नो मान्छे' लाई जोगाउने र 'अर्काको मान्छे' लाई कारबाहीको माग गर्ने प्रवृत्तिले न्यायलाई कमजोर बनाउँछ । राजनीतिक दलहरूले आफ्ना नेता वा कार्यकर्तामाथि आरोप लाग्दा अन्ध समर्थन गर्नुको सट्टा निष्पक्ष अनुसन्धानलाई सहयोग गर्ने संस्कार विकास गर्नुपर्छ । आफ्ना मान्छेले गल्ती गर्दा पनि कानुनअनुसार कारबाही हुनुपर्छ भन्ने राजनीतिक नैतिकता स्थापित गर्न सके मात्र दलहरू पनि विश्वसनीय बन्न सक्छन् ।

त्यसैले नेपालमा दण्डहीनता अन्त्य गर्न नयाँ-नयाँ कानुन बनाउँदै जानु मात्र पर्याप्त छैन । भएका कानुन कति निष्पक्ष रूपमा कार्यान्वयन हुन्छन् भन्ने मुख्य प्रश्न हो । प्रहरी अनुसन्धान बलियो बनाउनुपर्छ, सरकारी वकिलको क्षमता बढाउनुपर्छ, न्यायपालिकालाई स्वतन्त्र र प्रभावकारी बनाउनुपर्छ, भ्रष्टाचार नियन्त्रण गर्ने निकायलाई सक्षम बनाउनुपर्छ र संक्रमणकालीन न्यायलाई विश्वसनीय ढंगले टुंग्याउनुपर्छ । त्यसभन्दा पनि महत्वपूर्ण कुरा, राजनीतिक संरक्षणको संस्कृति अन्त्य गर्नुपर्छ ।

लोकतन्त्रमा सरकार आउँछन्, जान्छन् । राजनीतिक नेतृत्व बदलिन्छ । तर राज्यका संस्थाहरू बलियो हुन सकेनन् भने समस्या फेरि उही ठाउँमा फर्किन्छ । नागरिकले राज्यसँग भाषण होइन, सुरक्षा र न्याय खोज्छन् । शक्तिशाली व्यक्तिले कानुन छल्न सक्ने र कमजोर नागरिकले मात्र कानुनको कठोरता भोग्नुपर्ने अवस्था रह्यो भने संविधानमा लेखिएको समानताको अधिकार कागजमै सीमित हुन्छ ।

त्यसैले अबको बाटो स्पष्ट हुनुपर्छ । अपराध गर्ने व्यक्ति को हो भनेर होइन, उसले के गरेको हो भनेर हेर्ने व्यवस्था चाहिन्छ । कानुन सबैका लागि बराबर लागू हुने विश्वास नागरिकमा जगाउन सक्नुपर्छ । दण्डहीनता अन्त्य गर्ने पहिलो सर्त यही हो–राज्यले स्पष्ट रूपमा देखाउन सक्नुपर्छ कि पद, पैसा, पहुँच र राजनीतिक सम्बन्धभन्दा माथि कानुन हुन्छ ।

*(अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विभागमा कार्यरत लेखक मध्यपश्चिम विश्वविद्यालय स्कुल अफ ल का पूर्व निर्देशक हुन् ।)*

# नेपाली कांग्रेसको देउवा समूहको वडा अधिवेशनको तयारी तीव्र



कांक्रेविहार संवाददाता
काठमाडौं, १० असोज
नेपाली कांग्रेसको निवर्तमान सभापति शेरबहादुर देउवा समूहको आसन्न १५ औं महाधिवेशन अन्तर्गत वडा अधिवेशनको तयारीले गति लिएको छ। यसै क्रममा, पार्टीको क्रियाशील सदस्यता व्यवस्थापन समितिले वडा तहको अधिवेशनका लागि आवश्यक क्रियाशील सदस्यताको अन्तिम सूची निर्वाचन समितिलाई बुझाएको छ।

क्रियाशील सदस्यता व्यवस्थापन समितिका संयोजक किरणराज पौडेलले शनिबार एक कार्यक्रमका बिच निर्वाचन समितिका संयोजक एगराज पोखरेललाई सूची हस्तान्तरण गरेका हुन्।

हस्तान्तरित सूची अनुसार, नेपाली कांग्रेसको १५औं महाधिवेशनका लागि देशभर कुल ८ लाख ८९ हजार २३६ क्रियाशील सदस्य कायम भएका छन्। यसमध्ये ५ लाख ६१ हजार २६९ सदस्यको सदस्यता नवीकरण गरिएको छ भने २ लाख ९० हजार ४६७ नयाँ क्रियाशील सदस्य थपिएका छन्।

प्राप्त जानकारी अनुसार, पार्टीको १४औं महाधिवेशन तयारी समितिका संयोजक डा.शशांक कोइरालाको निर्देशनमा यही आश्विन १५ गतेबाट देशभरका वडाहरूमा अधिवेशन प्रक्रिया सुरु गर्ने कार्यतालिका रहेको छ।

सोहीअनुरूप, वडा तहको निर्वाचन सम्पन्न गराउने जिम्मेवारी पाएको निर्वाचन समितिलाई क्रियाशील सदस्यताको सूची उपलब्ध गराइएको हो।

यसका साथै, महाधिवेशन प्रक्रियालाई सहज र पारदर्शी बनाउन पार्टीले अनलाइन सदस्यता आवेदन प्रणाली पनि सुरु गरेको छ। इच्छुक व्यक्तिहरूले अनलाइन आवेदन दिन सक्नेछन्।

क्रियाशील सदस्यता सूची हस्तान्तरण भएसँगै नेपाली कांग्रेसको १४औं महाधिवेशनको औपचारिक प्रक्रियाले गति लिएको छ।

# रंगशालामा फ्लडलाइट जडान गरिने

कांक्रेविहार संवाददाता
नेपालगञ्ज, १० असोज
नेपालगञ्ज रंगशालामा उच्च क्षमताको प्रकाश प्रणाली (फ्लडलाइट) जडान गरिने भएको छ। सरकारले मुख्य सहरमा व्यावसायिक खेलकुदको विकास र रात्रिकालीन प्रतियोगिता सञ्चालन गर्ने योजनाअन्तर्गत नेपालगञ्ज रंगशालालाई फ्लडलाइटसहित स्तरोन्नति गर्न लागेको हो।



फ्लडलाइट जडान भएपछि नेपालगञ्जमा रात्रिकालीन खेलकुद गतिविधि बढ्ने र खेल पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्ने मध्यपश्चिम क्षेत्रीय खेलकुद विकास समितिका पूर्वअध्यक्ष भीम ओलीले बताए। उनले सरकारको योजनाले नेपाली खेलकुदको आधुनिकीकरण र व्यावसायिक विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गरे।

फ्लडलाइट जडानसँगै फुटबल मैदानको आधारभूत व्यवस्थापनमा समेत ध्यान दिनुपर्ने सरोकारवालाको धारणा छ। जिल्ला खेलकुद विकास समिति बाँकेका पूर्वअध्यक्ष मोहित शाहले मैदानको सतह, पानी निकासलगायत आवश्यक पूर्वाधार सुधार गर्नुपर्ने बताए।

उनले भने, "नेपालगञ्जमा गर्मी महिनामा अत्यधिक तापक्रम हुने भएकाले दिउँसो प्रतियोगिता सञ्चालन गर्न कठिन हुने गरेको थियो।

फ्लडलाइट नभएका कारण आठौं राष्ट्रिय प्रतियोगिताको बेला चाहेर पनि रात्रिकालीन प्रतियोगिता आयोजना गर्न सकिएको थिएन। अब फ्लडलाइट जडान भएपछि खेलकुद गतिविधि बढ्नेछ।"

फ्लडलाइट जडान भएपछि राति खेल, अभ्यास तथा अन्य कार्यक्रम सञ्चालन गर्न सहज हुने र रंगशालाको उपयोगिता बढ्ने उजले बताए। खेलकुद तथा अन्य कार्यक्रममार्फत आम्दानीका स्रोत बढाएर त्यसबाट मैदानको मर्मतसम्भारलाई समेत निरन्तरता दिन सकिने उनको भनाइ छ।

नेपाल सरकारको खेलकुद पूर्वाधार विकास योजनाअन्तर्गत पूर्वाधार विकास मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद् (राखेप) बीच यसै साता खेलकुद संरचनाको निर्माण तथा स्तरोन्नतिका लागि सम्झौता भएको समाचारमा उल्लेख छ। सम्झौताअनुसार आगामी तीन वर्षभित्र नेपालगञ्ज रंगशालालगायत निश्चित खेलकुद पूर्वाधारमा २५ करोड रुपियाँसम्म लगानी गरी आधुनिक फ्लडलाइट जडान तथा मर्मतसम्भारका काम सम्पन्न गर्ने लक्ष्य राखिएको छ।लामो समयदेखि नेपालगञ्ज रंगशालालाई आधुनिक र सुविधासम्पन्न बनाउनुपर्ने माग हुँदै आएको थियो। पश्चिम नेपालमा गर्मीका कारण दिउँसो खेलकुद गतिविधि सञ्चालनमा कठिनाइ हुने भएकाले फ्लडलाइट जडानपछि रात्रिकालीन प्रतियोगिता सञ्चालनमा सहज हुने अपेक्षा गरिएको छ।

# सडक सञ्जाल अवरूद्ध हुँदा खाद्यान्न अभाव, बिरामी मारमा



कांक्रेविहार संवाददाता
रसुवा, १० असोज
भोटेकोशी बाढीका कारण चीनसँगको सीमावर्ती जिल्ला रसुवाको सडक सञ्जाल पूर्णरूपमा टुटेपछि स्थानीय जनजीवन कष्टकर बनेको छ। सडक यातायात ठप्प हुँदा जिल्लामा खाद्यान्न सङ्कट गहिरिन थालेको छ भने स्थानीय कृषक र व्यवसायीहरू आर्थिक मारमा परेका छन्।

बाढी गएको एक महिना बितिसक्दा यातायात सञ्चालन हुन नसक्दा रसुवागढी तथा आसपासका क्षेत्रमा दैनिक उपभोग्य सामग्रीको हाहाकार हुन थालेको स्थानीय बासिन्दाहरू बताउँछन्। लामो समयदेखि सडक अवरुद्ध हुँदा सीमावर्ती क्षेत्रका होलसेल व्यापारीहरू प्रभावित भएको रसुवा दूलो भार्खुका व्यापारी किप्पा छिरिङ तामाङ बताउँछन्।

उनका अनुसार बाढी आउनु अगाडि सहज रूपमा सामान ढुवानी हुने गरेको र बजार मूल्य सस्तो थियो।

"सडक नहुँदा सामान ल्याउने सकिँदैन, पाइहाले ढुवानी खर्च मात्रै प्रतिपटक रु ५० हजारभन्दा बढी लाग्ने गरेको छ।

अहिलेको अवस्थामा सरकारले राहत बाँड्नुभन्दा सडक सञ्जाललाई तत्काल जोडिदिए हामी व्यापारी र आम उपभोक्ता दुवैलाई सहज हुने थियो", उनले भने।

अर्का स्थानीय व्यवसायी सुन्दर श्रेष्ठको अनुभव उस्तै छ। पहिले मागअनुसार सहजै सामान भित्रिने र ढुवानी खर्च सस्तो पर्ने गरेकामा अहिले अवस्था पूर्णरूपमा बदलिएको उनी बताउँछन्।

भौगोलिक रूपमा विकट यस क्षेत्रका किसानले वर्षभरिको खर्च धान्न व्यावसायिक रूपमा लगाएको बन्दाकोपी (काउली) सडक अवरुद्ध भएकै कारण बजारसम्म पुऱ्याउन सकिएको छैन। रसुवाको गतलाङमा फलेको लाखौं मूल्य बराबरका बन्दाकोपी बारीमै कुहिएको छ।

गत्लाङका स्थानीय फुर्पु सिङ्गी तामाङले दुःख व्यक्त गर्दै भने, "बाढी गएको एक महिना बित्यो। राहतले केही महिना पुग्ला तर सधैं पुग्दैन। कृषि उपज बजारमा लैजान नपाउँदा लगानी डुब्यो। त्यसैले अहिले राहतभन्दा सडक सञ्जाल सञ्चालनमा ल्याउन प्राथमिकता दिनुपर्छ।"

सडक सञ्जाल विच्छेद हुँदा स्वास्थ्य क्षेत्रमा समस्या देखिएको छ। जटिल प्रकृतिका बिरामीलाई आकस्मिक उपचारका लागि अस्पताल लैजान सडक नहुँदा हेलिकप्टर चार्टर गर्नुको विकल्प छैन। रसुवा नागरिक समाजका अध्यक्ष बाबुलाल तामाङका अनुसार गरिब तथा विपन्न नागरिकका लागि हेलिकप्टरको खर्च धान्न असम्भव प्रायः छ।

तामाङले भने, "जटिल बिरामी पर्दा पैसा हुने हेलिकप्टरमार्फत काठमाडौं जान्छन्, तर पैसा नहुने गरिब गाउँमै मर्नुपर्ने अवस्था सिर्जना भएको छ। त्यसैले जति सक्दो चाँडो सडक खुलाउनुको विकल्प छैन।"

दैवी प्रकोप उद्धार समिति रसुवाका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी कमलप्रसाद पाण्डेका अनुसार सडक सञ्जाल पुनः जोड्नका लागि नुवाकोट र अन्य क्षेत्रबाट एस्काभेटर (डोजर) ल्याएर सडक खुलाउने काम निरन्तर भइरहेको छ।

प्रजिअ पाण्डेले भने, "सडक खुलाउने काम भइरहेको छ। डाइभर्सन तथा पुल बनाउन केही समय लाग्ने देखिएको छ। निरन्तरको वर्षाका कारण काममा केही ढिलाइ भए पनि स्थानीय प्रशासनको समन्वय तथा सहकार्यमा सडक खुलाउन तीव्र रूपमा काम भइरहेको छ।

# सांसद बयकको पहलमा लम्कीचुहा अस्पताललाई ५२ प्रकारका औषधी सहयोग



कांक्रेविहार संवाददाता
कैलाली, १० असोज
कैलालीको लम्कीचुहा प्रादेशिक अस्पतालमा देखिएको अत्यावश्यक औषधीको अभाव समाधान गर्न ५२ प्रकारका औषधी उपलब्ध गराइने भएको छ। अस्पतालमा उपचारका लागि आउने बिरामीलाई आवश्यक औषधीको अभाव हुन थालेपछि सांसद प्रेमबहादुर बयकको पहलमा सङ्घीय स्वास्थ्य मन्त्रालय तथा मातहतका निकायसँग समन्वय गरी औषधी व्यवस्थापन गरिएको हो।

अस्पतालमा औषधी अभावका कारण उपचार सेवामा समस्या भइरहेको जानकारी पाएपछि सांसद बयकले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग र आपूर्ति व्यवस्थापन विभागसँग समन्वय गरेको बताए। सोही पहलपछि लम्कीचुहा प्रादेशिक अस्पतालका लागि ५२ प्रकारका औषधी व्यवस्थापन गरिएको उनले जानकारी दिए।

सांसद बयकले लम्कीचुहा क्षेत्रसहित निर्वाचन क्षेत्र नं. २ का नागरिकले भोग्दै आएका स्वास्थ्यसम्बन्धी समस्याका विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै आएको बताए। जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएका विषयलाई प्राथमिकताका साथ उठाउँदै आएको उल्लेख गर्दै उनले अस्पतालमा अत्यावश्यक औषधीको अभाव हुन नदिन सम्बन्धित निकायसँग समन्वय गरिएको बताए।

औषधी व्यवस्थापनमा सहयोग गर्ने स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहता, मन्त्रालयका सचिव डा. विकास देवकोटा, स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. कृष्णप्रसाद पौडेल तथा आपूर्ति व्यवस्थापन विभागका रणबहादुर धर्तीमगरप्रति सांसद बयकले आभार व्यक्त गरे।

व्यवस्थापन गरिएका औषधी विभागबाट बुझेर जिल्ला पठाउने तयारी गरिएको उनले बताए। सडकको अवस्था र ढुवानीको सम्भावना हेरी काठमाडौंमा रहेका औषधी सकेसम्म छिटो लम्कीचुहा प्रादेशिक अस्पतालमा पुऱ्याउने तयारी भइरहेको सांसद बयकले जानकारी दिए। बयक नेपाली कम्युनिस्ट पार्टीका कैलाली निर्वाचन क्षेत्र नं. २ का समानुपातिक प्रतिनिधिसभा सदस्य हुन्। उनी जनआन्दोलनका घाइतेसमेत हुन्।

लम्कीचुहा अस्पताललाई १५ शय्याबाट ५० शय्यामा स्तरोन्नति गरी प्रादेशिक अस्पतालका रूपमा सञ्चालन गर्ने प्रक्रिया तत्कालीन मुख्यमन्त्री कमलबहादुर शाहको कार्यकालमा अघि बढाइएको थियो। अस्पतालको सेवा विस्तारसँगै औषधी, उपकरण, दक्ष जनशक्ति तथा बजेट व्यवस्थापनको आवश्यकता बढेको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

## परराष्ट्र मन्त्रालयले भन्यो-

# राष्ट्रसंघको महासभामा नेपालको सहभागिता उपलब्धिमूलक

काँक्रेविहार संवाददाता
काठमाडौं, १० असोज

परराष्ट्र मन्त्रालयले संयुक्त राष्ट्रसंघको ८१औं महासभामा नेपालको सहभागिता सक्रिय र उपलब्धिमूलक रहेको जनाएको छ।

प्रधानमन्त्री वालेन्द्र शाह ‘बालेन’ को भ्रमणबारे जानकारी गराउन विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा मन्त्रालयका निमित्त सचिव गणेशप्रसाद ढकालले नेपालको सहभागिताले अन्तर्राष्ट्रिय मञ्चमा मुलुकको छवि तथा प्रतिष्ठा अभिवृद्धि गर्न योगदान पुगेको बताए।



मन्त्रालयले जारी गरेको विज्ञप्तिमा पनि महासभामा नेपालको सक्रिय सहभागिताले नेपालको अन्तर्राष्ट्रिय पहिचान थप सुदृढ भएको उल्लेख गरिएको छ।

महासभालाई सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री शाहले नेपालले जलवायु परिवर्तनका कारण भोगिरहेको क्षतिबारे अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराएका थिए।

उनले हालै भोटेकोसीमा आएको विनाशकारी बाढीलाई जलवायु संकटको गम्भीर प्रभावका रूपमा प्रस्तुत गर्दै नेपालले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा ०.१ प्रतिशतभन्दा न्यून योगदान गरे पनि त्यसको असमान र गम्भीर असर भोगिरहेको बताएका थिए। प्रधानमन्त्री शाहले जलवायु परिवर्तन नेपालका लागि वातावरणीय विषयमा मात्र सीमित नरहेको भन्दै मानवीय तथा विकाससम्बन्धी चुनौतीका रूपमा व्याख्या गरेका थिए।

हिमाल तथा पर्माफ्रोस्ट पग्लिँदा हिमपहिरो र बाढीको जोखिम बढिरहेको उल्लेख गर्दै उनले जोखिम न्यूनीकरणका लागि ‘हिमालयन क्लाइमेट रेसिलेन्स मेकानिजम’ स्थापना गर्न अन्तर्राष्ट्रिय मञ्चमार्फत प्रस्तावसमेत गरेका थिए।

# ट्रम्पद्वारा इरानको युद्धविराम प्रस्ताव अस्वीकार, पुनः आक्रमणको दाबी

काँक्रेविहार संवाददाता
काठमाडौं, १० असोज

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले अघि सारेको युद्धविराम प्रस्ताव अस्वीकार गरेको दाबी गरिएको छ।

अमेरिकी अखबार द वाल स्ट्रिट जर्नलको रिपोर्टअनुसार ट्रम्पले अमेरिकामा आगामी नोभेम्बरमा हुने मध्यावधि निर्वाचनपछि इरानमाथि पुनः हवाई आक्रमण गर्न सकिने विषयमा आफ्ना सल्लाहकारहरूसँग छलफल गरेका छन्।

इरानले अमेरिका र इरानबीचको तनाव कम गर्ने तथा रणनीतिक महत्वको हर्मुज जलडमरूमध्य पुनः खुला गर्ने उद्देश्यसहित सातदिने युद्धविराम प्रस्ताव अघि सारेको बताइएको छ। रिपोर्टमा उक्त प्रस्ताव ट्रम्पले अस्वीकार गरेको उल्लेख छ।



इरानी विदेशमन्त्री अब्बास अराघचीले शुक्रबार संयुक्त राष्ट्रसंघ मुख्यालयमा पत्रकारहरूसँग कुरा गर्दै हर्मुज जलडमरूमध्य खोल्ने प्रक्रिया अमेरिकाले सम्झौतामा उल्लेखित आवश्यक सर्त पूरा गरेपछि मात्र सुरु हुने बताएका थिए।

इरान र अमेरिकाबीच हर्मुज जलडमरूमध्यको सञ्चालन, आणविक कार्यक्रम र प्रतिबन्धलगायत विषयमा मतभेद रहँदै आएको छ। यसअघि पनि दुई देशबीच युद्धविराम र तनाव कम गर्ने प्रयास भए पनि जलडमरूमध्य खोल्ने विषयमा सहमति जुट्न कठिन भएको थियो। यसै साता ट्रम्पले इरानलाई कडा सैन्य कारबाहीको चेतावनी दिएका थिए। यद्यपि, त्यसपछि उनले इरानी पक्षसँग अमेरिकी प्रतिनिधिहरूको ‘राम्रो कुराकानी’ भएको बताएका थिए।

# पहिरोसँग खसेको ढुङ्गा लागेर एक महिलाको मृत्यु

काँक्रेविहार संवाददाता
डोल्पा, १० असोज

अविरल वर्षाका कारण खसेको पहिरोमा परी डोल्पामा एक व्यक्तिको मृत्यु भएको छ भने अर्का एक व्यक्ति घाइते भएका छन्।

जिल्लाको त्रिपुरासुन्दरी नगरपालिका-७ पहाडागाउँको रावलवाडा भन्ने स्थानमा त्रिपालको गोठमा सुतिरहेका अवस्थामा माथिबाट खसेको ढुङ्गा लागेर करिब ३३ वर्षीय मनरूप केसीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक पदम रावलले जानकारी दिए।



तस्वीर : ए.आइ.

राति करिब ९:४५ बजे ढुङ्गा लागेर घाइते भएका उहाँलाई लिखु स्वास्थ्य चौकीमा उपचार गर्न लैजाँदै गर्दा मृत्यु भएको उनले बताए।

प्रहरी निरीक्षक रावलका अनुसार सोही स्थानमा ढुङ्गा लागेर ३८ वर्षीय चन्द्ररूप केसी सामान्य घाइते भएका छन्। ढाडमा चोट लागेका उनी सामान्य उपचारपछि घर फर्केका छन्। घटनास्थल डोल्पा सदरमुकाम दुनैबाट चार घण्टा टाढा भएकाले मनरूपको मृत्युको खबर आज बिहान मात्रै थाहा भएको जनाउँदै उहाँले चन्द्ररूपलाई प्रहरीले उद्धार गरिसकेको बताए।

## खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं

- खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा जाँच गरौं,
- म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,
- प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं,
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,
- मिठाई, मासु, दूधजन्य तथा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/ वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)